आज मिति २०८३ साउन महिना ०८ गते शुक्रबारका दिन राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको ९९ औं नियमित बैठक बसी निम्नानुसार निर्णय भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |
| आमन्त्रित /अन्य उपस्थिति : | | |
| | पूर्ण बहादुर नेपाली | |
| | प्रशासकीय अधिकृत विमला वाग्ले | |
| | श्याम बहादुर [illegible] | |

प्रमाणित
२०८३/४/८

## मिति २०८३/०४/०८ गतेको ९९ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. गत वैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नगर प्रहरी कार्यविधि सम्वन्धमा।
३. कर्मचारी भर्ना सम्बन्धमा।
४. जग्गा फिर्ता गर्न अनुमति सम्बन्धमा ।
५. फल्चा निर्माण योजना म्याद सम्बन्धमा।
६. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं.२**

नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ को मस्यौदा सम्बन्धमा छलफल गरियो।

**निर्णय नं.३**

राइनास नगर अस्पताल र सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यक्रम तर्फ यस नगरपालिकाको लागि आवश्यक रहेको तपसिल अनुसारको कर्मचारी खुल्ला प्रतियोगिता मार्फत सेवा करारमा लिने।

तपसिल:

| क.स. | आवश्यक पद नाम/तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अफिसर, आठौं तह | १ | |
| २ | स्टाफ नर्स, पाँचौ तह | १ | |
| ३ | डेन्टल हाइजनिष्ट, पाँचौ तह | १ | |
| ४ | हेल्थ असिष्टेट, पाँचौ तह | १ | |
| ५ | ल्याव टेक्निसियन, पाँचौ तह | १ | |
| ६ | फिल्ड सहायक, चौंथो तह | १ | |

निर्णय नं.४

राइनास नगरपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तर्फ वडा नं ४, सातबिसे चौतारामा फल्चा निर्माण योजना मिति २०८३/०३/०२ मा चक्रतिर्थ टोल विकास संस्था उपभोक्ता समितिसँग सम्झौता भइ कार्यान्वयन भइरहेको अवस्थामा उपभोक्ता समिति मार्फत मिति २०८३/०३/११ गते अविरल वर्षा तथा सामग्री ढुवानीमा कठिनाइ भइ समयमै सम्पन्न गर्न नसकिएकोले कार्तिक २३ सम्म म्याद थप गरिदिनुहुन भनि निवेदन प्राप्त भएकोमा मिति २०८३ कार्तिक १५ सम्मका लागि म्याद थप गर्ने।

निर्णय नं.५ विविध:

क· राइनास नगरपालिका कार्यालय र मातहत कार्यालयमा कार्यरत ६ महिना सेवा करार अवधि पुगेका तथा उमेर ६० वर्ष पुग्न २ वर्ष भन्दा बढी अवधि बाँकी भएका सेवा करारका कर्मचारीहरुलाई २०८३ साउन देखि नागरिक पेन्सन योजनामा आवद्ध गर्ने।

ख· न्यायिक सहजकर्ता तथा कार्यक्रम तर्फका स्वास्थ्य कर्मचारीको पोसाक र चाडबाड खर्च सम्बन्धित कार्यक्रम तर्फ नसमेटिएकोले नगरपालिकाको तर्फबाट उपलब्ध गराउने।

ग· राइनास नगरपालिका वडा नं. १० बस्ने खड्ग बहादुर गुरुङको गोठ खोर आगलागी भइ विपद् परेको हुँदा रु. ३० हजार, वडा नं. १० बस्ने गम बहादुर कामीको घर अविरल वर्षाको कारण घर क्षति भएकोले रु. १५ हजार, वडा नं ३ बस्ने राम बहादुर मगरको घर अविरल बर्षाको कारण घर क्षति भएकोले रु. १५ हजार विपद तर्फबाट सहायता रकम उपलब्ध गराउने।

घ· घरको खरको छाना विस्थापन गरी जस्तापाता लगाउनको लागि राइनास नगरपालिका वडा नं ६ बस्ने सुशिला नेपालीलाई रु. १८ हजार र भैरव नेपालीलाई रु. २५ हजार, वडा नं ९ बस्ने भिम बहादुर कामीको घर जिर्ण भइ बस्न योग्य नभएको र मर्मत गर्न आर्थिक अवस्था कमजोर रहेको भनी वडा कार्यालयको सिफारिस भए अनुसार निजलाई रु. १० हजार आर्थिक सहायता उपलब्ध गराउने।

ङ· गत आ· व· सम्म सडक सम्बन्धी आयोजना तर्फ १५ प्रतिशत र अन्य निर्माण तर्फ १० प्रतिशत जनश्रमदान उपभोक्ता समितिले बेहोर्दै आएकोमा चालु आर्थिक वर्ष २०८३/८४ देखि सबै प्रकृतिका आयोजनाहरूमा उपभोक्ताले बेहोर्ने जनश्रमदान बापतको अंश १० प्रतिशत कायम गर्ने।

च. राइनास नगरपालिका क्षेत्रभित्रका सडकहरूको आकस्मिक तथा नियमित मर्मत सम्भार कार्यका लागि मेशिनरी उपकरण ब्याक हु लोडर भाडामा लिन आवश्यक देखिएकाले अधिकतम दररेट प्रतिघण्टा रू. ३०००।-(मू.अ.कर बाहेक) कायम गरी सूचना प्रकाशन गर्ने।